# कृष्णनगर नगरपालिका

## शिवराज अस्पतालमा विशेषज्ञ सेवा संचालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/११/२७

### प्रस्तावना

नेपालको संविधान २०७२ को धारा ३५ (१) ले निःशुल्क स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(झ) र उपदफा ४(ख) ले स्थानीय तहलाई अस्पताल तथा स्वास्थ्य संस्थाको स्थापना र स्वास्थ्य सेवाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गरेको छ। यसै अनुरूप, कृष्णनगर नगरपालिका अन्तर्गत संचालित शिवराज अस्पताल को सेवा थप सुदृढ गर्न तथा स्थानीय स्तरमै नागरिकलाई सर्वसुलभ र गुणस्तरीय विशेषज्ञ सेवा उपलब्ध गराउन कृष्णनगर नगरपालिकाले कृष्णनगरको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ को अधिकार प्रयोग गरी "शिवराज अस्पतालमा विशेषज्ञ सेवा संचालन कार्यविधि, २०८१" तयार गरि जारी गरेको छ।

यो कार्यविधिको उद्देश्य नागरिकलाई समयमै सर्वसुलभ तथा गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्दै नगरवासीको स्वास्थ्य अवस्थामा सुधार गर्नु, विशेषज्ञ सेवामा पहुँच वृद्धि गर्नु र अस्पतालको संस्थागत क्षमता सुदृढ गर्नु हो।

### परिच्छेद १: नाम, लागू क्षेत्र र मिति

१. यस कार्यविधिलाई "शिवराज अस्पतालमा विशेषज्ञ सेवा संचालन कार्यविधि, २०८१" भनिनेछ।

२. यो कार्यविधि कृष्णनगर नगरपालिकाको क्षेत्राधिकारभित्र लागू हुनेछ।

३. यो कार्यविधि कृष्णनगर नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

### परिच्छेद २: उद्देश्य

४. नागरिकलाई स्थानीय स्तरमै गुणस्तरीय र प्रभावकारी विशेषज्ञ सेवा उपलब्ध गराउनु।

५. बाह्य अस्पताल (बाहिरको अस्पताल) मा जानुपर्ने बाध्यता कम गर्दै समय र आर्थिक स्रोतको बचत गर्नु।

६. शिवराज अस्पताललाई आधुनिक र उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने केन्द्रको रूपमा विकास गर्नु।

७. स्वास्थ्य सेवा पद्धतिको दीर्घकालीन सुधार र प्रभावकारिता सुनिश्चित गर्नु।

रजत प्रताप शाह
नगर प्रमुख

## परिच्छेद ३: परिभाषा

८.परिभाषा

क. "नगरपालिका" भन्नाले कृष्णनगर नगरपालिकालाई बुझिनेछ।

ख. "अस्पताल" भन्नाले शिवराज अस्पताललाई बुझिनेछ।

ग. "विशेषज्ञ सेवा" भन्नाले हाडजोर्नी, महिलारोग, बालरोग, छालारोग, नशा रोग, मुटुरोग, मधुमेह, मानसिक रोग, सर्जरी सेवा, कान-नाक-घाँटी रोग, दन्त रोग र अन्तरिक चिकित्सा सेवा (Internal Medicine) लाई बुझिनेछ ।

घ. "स्थानीय राजपत्र" भन्नाले कृष्णनगर नगरपालिकाको राजपत्रलाई बुझिनेछ ।

ङ. "सहकार्य केन्द्र वा विशेषज्ञ सेवा प्रदायक संस्था" भन्नाले विशेषज्ञ सेवा प्रदान गर्न नगरपालिकासँग सम्झौता गरेको स्तरीय सरकारी वा नियमानुसार सञ्चालित निजी, अस्पताललाई बुझिन्छ।

च. "फोकल व्यक्ति" भन्नाले विशेषज्ञ सेवा सञ्चालन, अनुगमन र प्रतिवेदन व्यवस्थापन गर्न नगरपालिकाको कार्यालयबाट तोकिएको जिम्मेवार व्यक्ति बुझिन्छ।

## परिच्छेद ४ : विशेषज्ञ सेवा सञ्चालन प्रक्रिया

**९. सेवा सञ्चालनको योजना**

क. पाइलट कार्यक्रम अन्तर्गत प्रत्येक हप्ता कम्तीमा दुई (२ ) प्रकारका विशेषज्ञ सेवा सञ्चालन गरिनेछ।

ख . पाइलट कार्यक्रमको मूल्याङ्कनपछि विशेषज्ञ सेवा पूर्ण रूपमा दफा ११ (ग) बमोजिम लागू गरिनेछ।

**१०. प्राथमिकता प्राप्त विशेषज्ञ सेवाहरू:**

क) हाडजोर्नी

ख) महिलारोग

ग) बालरोग

घ) मुटुरोग

ङ) नशा रोग

च) छालारोग

छ) मधुमेह र थाइराइड

ज) मानसिक स्वास्थ्य

झ) नाक, कान र घाँटी रोग

ञ) दन्त स्वास्थ्य

ट) सामान्य शल्यक्रिया (सर्जरी)

ठ) सामन्य चिकित्सा (**General** Medicine)

**११. कार्यविधि कार्यान्वयनका चरणहरू**

**११ क . योजनाबद्ध तयारी (१-२ महिना):**

रजत प्रताप शाह
नगर प्रमुख

१. आवश्यक स्रोत र बजेटको व्यवस्थापन गर्ने।

२.बिशेषज्ञ सेवा सञ्चालनको लागि प्रचलित नियमबमोजिम परामर्श सेवा खरिदको प्रक्रिया द्धारा खरिद गर्ने तथा सूचना प्रकाशन गर्नुपर्ने हकमा सूचना प्रकाशन गरी, अनुसूची १ बमोजिम निबेदन माग गर्ने।

३.सहकार्य केन्द्रसँग अनुसूची २ बमोजिम सम्झौता (MoU) गर्ने।

४. सेवाको कार्य तालिका तयार गर्ने।

**११ ख. पाइलट कार्यक्रम (३-६ महिना):**

१. सीमित सेवाहरू परीक्षणका रूपमा सञ्चालन गरिनेछ।

२. सेवा सञ्चालनका समस्याहरू पहिचान गरी सुधारका उपाय अवलम्बन गरिनेछ।

**११ ग. विशेषज्ञ सेवाको पूर्ण कार्यान्वयन:**

१. पाइलट कार्यक्रमको मूल्याङ्कनपछि विशेषज्ञ सेवा पूर्ण रूपमा लागू गरिनेछ।

२ . उपदफा (१) को विशेषज्ञ सेवा पूर्ण रूपमा लागू गर्दा, त्यसको संचालन प्रकिया ( साप्तहिक वा पूर्णरुपमा (चौबिसै घण्टा) वा दुवै प्रकारले सञ्चालन गर्ने वा नगर्ने निर्णय ओचित्यताका आधारमा नगर कार्यपालिका बैठकको निर्णय बमोजिम गरिनेछ ।

## परिच्छेद ५ : व्यवस्थापन संरचना

### १२. व्यवस्थापन तथा संचालन समिति

विशेषज्ञ सेवाको प्रभावकारी सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि देहाय बमोजिमको एक विशेषज्ञ सेवा व्यवस्थापन तथा संचालन समिति रहनेछ:

१. नगर प्रमुख - संयोजक

२. नगर उप-प्रमुख - उपसंयोजक

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. स्वास्थ्य शाखा प्रमुख - सदस्य

५. शिवराज अस्पताल प्रतिनिधि - सदस्य

६. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

७.अस्पताल रहेको सम्बिन्धित वडाको वडा अध्यक्ष- सदस्य

८. प्र.प्र.अ. ले तोकेको फोकल व्यक्ति (चिकित्सक वा स्वास्थ्यकर्मी) - सदस्य सचिव

### १३. व्यवस्थापन समितिको काम कर्तब्य र जिम्मेवारी

१. विशेषज्ञ सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र मूल्याङ्कन गर्ने।

२. आवश्यक नीतिगत निर्णयको लागि नगरपालिका को कार्यपालिकामा सिफारिस गर्ने।

३. स्वीकृत बजेट बाँडफाड तथा व्यवस्थापन गर्ने।

४. बिशेषज्ञ सेवा प्रदायकहरूसँग आवाश्यक समन्वय र सहकार्य गर्ने।

५. बिशेषज्ञ सेवाको गुणस्तर सुधारका लागि आवश्यक पहलकदमी गर्ने।

रजत प्रताप शाह
नगर प्रमुख

६. बिशेषज्ञ स्वास्थ्य सेवामा निरन्तरता र प्रभावकारिता सुनिश्चित गर्ने।

७.बिशेषज्ञ सेवामा आउने समस्याहरु समाधानका लागि आवश्यक निर्देशन दिने ।

८ समितिको पदाधिकारीहरुको बैठक नियमित तथा अवश्यकता अनुसार सञ्चालन गर्ने । (बैठकमा अवश्यकता अनुसार (बढीमा ३ जना) सदस्य आमन्त्रित गर्न सकिनेछ ।)

**१४. फोकल व्यक्तिको जिम्मेवारी**

१. स्वीकृत बजेट बाँडफाड तथा व्यवस्थापन को लागि प्रस्ताब पेश गर्ने।

२.सेवाको सञ्चालन ,सहजीकरण तथा अनुगमन गर्ने।

३. मासिक प्रतिवेदन तयार गरी व्यवस्थापन तथा संचालन समिति समक्ष पेश गर्ने।

४. विशेषज्ञ सेवा सम्बन्धी समन्वय र समस्या समाधानमा सहजीकरण गर्ने ।

५. स्वास्थ्य क्षेत्रका सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य एवं समन्वय गर्न सुझाव दिने ।

## परिच्छेद ६ : बजेट व्यवस्थापन

१५.सेवाको लागि आवश्यक बजेट कृष्णनगर नगरपालिकाले व्यवस्थापन गर्नेछ।

१६. बजेट व्यवस्थापनमा नेपाल सरकार, प्रदेश सरकार र अन्य गैरसरकारी संस्थाहरुसंग सहकार्य गर्न सकिनेछ।

१७. सेवा प्रदायक अस्पताललाई दिइने सेवा शुल्क समझौता (MOU) मा उल्लेख भए बमोजिम हुनेछ ।

**१८. विनियोजित बजेट निम्न शीर्षकहरूमा खर्च गरिनेछः**

१.**जनशक्ति व्यवस्थापनः** सम्झौता (MoU) बमोजिम सेवा प्रदायक संस्था बाट खटिने बिशेषज्ञ चिकित्सकहरू को पारिश्रमिक तथा प्रोत्साहन भत्ता, यातायात आदि । साथै, नगरपालिकाबाट खटिने चिकित्सक, तथा अन्य कर्मचारीको पारिश्रमिक तथा प्रोत्साहन भत्ता, यातायात, आदि।

२.**सञ्चालन खर्च** : यातायात र इन्धन, आवास,खाजा र खाना, जनचेतनामूलक अभियान तथा प्रचारप्रसारको लागि माइकिङ , फर्म फर्मेट छपाई, सरोकारवालाहरु संग अन्तरक्रिया कार्यक्रम आदि।

३.**पूर्वाधार तथा औषधि उपकरणहरू** : परामर्श कक्षहरूको मर्मत, आवश्यक अनुसार औषधि र औषधि जन्य तथा सर्जिकल एवम मेडिकल उपकरणहरू ।

**४.व्यवस्थापन समितिको बैठक भत्ता**

**५.प्रोत्साहन भत्ता , भ्रमण भत्ता, फिल्ड भत्ता र पारिश्रमिक भत्ता ।**

***नोटः नेपाल सरकार अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा द्वारा जारी कार्यक्रम कार्यसञ्चालन निर्देशिका अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने छ।***

## परिच्छेद ७: मूल्याङ्कन र अनुगमन प्रक्रिया

१९. व्यवस्थापन समितिले पाइलट अवधिको अन्त्यमा सेवाको प्रभावकारिताको समीक्षा गर्ने।

२०. सेवाको गुणस्तर, बिरामीको सन्तुष्टि, चिकित्सकहरूको कार्यक्षमता र व्यवस्थापन प्रक्रियाको आधारमा प्रतिवेदन तयार पार्ने।

२१. कम्तिमा २ महिनामा एक पटक समितिको बैठक बसेर मूल्याङ्कन गर्न सक्ने।

रजत प्रताप शाह
नगर प्रमुख

## परिच्छेद ८: स्थानीय राजपत्रमा प्रकाशन र लागू गर्ने व्यवस्था

२२. यो कार्यविधिलाई नगर कार्यपालिकाले स्वीकृत गरेपछि स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ।

२३. कार्यविधि नगरपालिकाको कार्यपालिका बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

## परिच्छेद ९ : अन्य व्यवस्था

२४. कार्यविधिमा उल्लेख नभएका विषयमा निर्णय गर्ने अधिकार नगरपालिकाको कार्यपालिकामा निहित हुनेछ।

२५. सेवाको प्रभावकारिता सुधार गर्न आवश्यक परेमा कार्यविधिमा संशोधन गर्न सकिनेछ।

२६. यो कार्यविधि लागू गर्दा कुनै बाधा आएमा, नगरपालिकाको कार्यपालिकाको बैठकमा निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सकिन्छ।

२७. यस कार्यविधिको कुनै दफा वा उपदफा संघीय वा प्रदेश कानूनसँग बाँझिएको खण्डमा, बाँझिएको हद सम्म अमान्य हुनेछ ।

२८ . बिशेषज्ञ सेवा सञ्चालनको प्रक्रिया तथा प्रकृतिको आधारमा Terms of Reference (TOR) नगरपालिका को कार्यालय बाट निर्णय को आधारमा लागु गर्न सकिनेछ ।

रजत प्रताप शाह

नगर प्रमुख

रजत प्रताप शाह

नगर प्रमुख

अनुसूची (१)

(शिवराज अस्पतालमा विशेषज्ञ सेवा संचालन कार्यविधि, २०८१ को परिच्छेद ४, दफा ११(क) को नियम २ संग सम्बन्धित)

विशेषज्ञ सेवा दर भाउ प्रस्ताव पेश गर्ने निवेदनको नमुना ढाँचा

मिति: ..................

श्री प्रमुख प्रशासनिक अधिकृत,

कृष्णनगर नगरपालिका,कृष्णनगर कपिलबस्तु ।

विषय: विशेषज्ञ सेवा दर भाउ प्रस्ताव पेश गरिएको सम्बन्धमा।

प्रस्तुत बिषयमा शिवराज अस्पतालमा प्रदान गरिने विशेषज्ञ सेवाहरूको शुल्क दर निर्धारण तथा स्वीकृत गर्नका लागि कृष्णनगर नगरपालिका को मिति......... मा प्रकाशित सुचना बमोजिमको वा प्राप्त प. स. ....... च.न.... को पत्रानुसार .......... यस संस्थाले प्रस्तावित दर भाउ पेश गर्नु को साथै देहाय बमोजिमका विवरणहरू र आवश्यक कागजातहरू सहित यो निवेदन पेश गरिएको छ।

तपशील:

**१.** सेवा प्रदायकको विवरण:

क. नाम: .............................................

ख. दर्ता नम्बर : ........................

ग. ठेगाना: .....................................

घ. प्रमुख सम्पर्क व्यक्तिको नाम: .........................

ङ. सम्पर्क नम्बर: .....................................

च. इमेल: ............................................

**२.** प्रस्तावित विशेषज्ञ सेवाको विवरण:

क. प्रस्तावित विशेषज्ञ सेवा (जस्तै: बालरोग, स्त्रीरोग, हाडजोर्नी ,नाक कान घटी रोग ,छालारोग मानसिक रोग आदि)

ख. सेवा प्रदान गर्ने अवधि :

जस्तै : प्रत्येक हप्ताको शुक्रवार २ प्रकार को विशेषज्ञ सेवा

(दैनिक/साप्ताहिक/मासिक आधारमा प्रस्तावित समय र विशेषज्ञ को संख्या)

ग. सेवा प्रदान गर्ने तरिका (फिजिकल कन्सल्टेसन, टेलिमेडिसिन वा अन्य)

घ.बिशेषज्ञ सेवा प्रदान गरे वापद प्रस्तावित शुल्क संरचना

१. बिशेषज्ञ डाक्टरहरु को सेवा शुल्क ; BOQ को आधारमा

२. यातायात ; BOQ को आधारमा

३. यदि थप कर्मचारी भए सो सेवा शुल्क : BOQ को आधारमा

४. कर्मचारी तथा अस्पताल कागजात ब्यवस्थापन शुल्क: BOQ को आधारमा

रजत प्रताप शाह
नगर प्रमुख

३. आवश्यक कागजातहरू:

क.अस्पताल दर्ता प्रमाणपत्र

ख.स्वास्थ्य सेवा सञ्चालन इजाजतपत्र

ग.अस्पतालको कर दर्ता प्रमाणपत्र (PAN/VAT) र करचुक्ताको प्रमाणपत्र

घ .बैंक खाता विवरण (भुक्तानी प्रक्रियाका लागि)

ङ.अन्य आवश्यक कागजातहरू ( प्रथम पक्षले माग गरे बमोजिम)

निवेदकको नाम:

पद:

हस्ताक्षर:

संस्था/कम्पनीको छाप:

---

**नोट.**

- सम्पूर्ण कागजातहरू प्रमाणित प्रतिलिपि हुनुपर्छ।
- अपूर्ण वा अवैध कागजात भएमा निवेदन स्वतः अस्वीकृत हुन सक्नेछ।
- नगरपालिकाले प्राप्त प्रस्तावहरूको समीक्षा गरी आवश्यक परेमा थप विवरण माग गर्न सक्नेछ।

रजत प्रताप शाह
नगर प्रमुख

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश नेपाल)

अनुसूची २

**(शिवराज अस्पताल विशेषज्ञ सेवा संचालन कार्यविधि, २०८१ को परिच्छेद ४ को दफा ११ (क) को ३ संग सम्बन्धित)**

**शिवराज अस्पतालमा विशेषज्ञ सेवा विस्तारका लागि कृष्णनगर नगरपालिका र विशेषज्ञ सेवा प्रदायकबीचको**

**<u>सम्झौतापत्र (MoU)</u>**

कृष्णनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (यसपछि "पहिलो पक्ष" भनिने) र [सेवा प्रदायक संस्था/अस्पतालको नाम] (यसपछि "दोस्रो पक्ष" भनिने) बीच यो समझौता मिति [सम्झौता मिति] मा सम्पन्न भएको छ।

नगरपालिकाभित्र स्वास्थ्य सेवाको पहुँच सुधार गर्ने, नगरवासीलाई सहज, सुलभ, गुणस्तरीय र प्रभावकारी विशेषज्ञ सेवा हरू स्थानीयस्तरमै उपलब्ध गराउने उद्देश्यले शिवराज अस्पतालमा विशेषज्ञ सेवा सञ्चालन गर्न आवश्यक देखिएको छ। यस कार्यका लागि शिवराज अस्पतालमा विशेषज्ञ सेवा सञ्चालन कार्यविधि, २०८१ बमोजिम, नगरपालिकाले ( सेवा प्रदायक संस्थासँग ) आपसी सहकार्य तथा समझदारी अनुरूप विशेषज्ञ सेवा प्रदान गर्नका लागि यो दुई पक्षीय सम्झौता सम्पन्न गरिएको छ।

यो सम्झौताले नगरबासीलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै विशेषज्ञ सेवाहरू प्रभावकारी रूपमा प्रवाह गर्न टेवा पुर्‍याउनेछ।

यस सम्झौतामा उल्लेखित सेवाहरू गुणस्तरीय र प्रभावकारी रुपमा प्रवाहका गर्नको लागि कृष्णनगर नगरपालिका र ( सेवा प्रदायक संस्था..........नाम )आ -आफ्नो भूमिका पूर्ण रुपमा निवाह गर्दै कार्यक्रम को कार्यान्वयन प्रति जिम्मवार ,उत्तरदायी, जबाफदेही भइ सम्झौतामा भएको समझदारीका शर्तहरु पालना गर्न सहमत, मञ्जुर भई हामी दुई पक्षले यो सम्झौता पत्रमा सहीछाप गरि एक एक प्रति लियौं दियौं ।

**सम्झौताका सर्तहरू :**

**१.** सेवाको दायरा:

क) निम्न विशेषज्ञ सेवाहरू प्रदान गरिनेछ:

| क्र.स. | सेवा | सेवा प्रकार | सेवा दिने तरिका | सेवादिने दिन र समय | सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | हाडजोर्नी | OPD/सर्जरी | हरेक हप्ता | ......... | ......... | |

**२ .** दायित्व तथा जिम्मेवारीहरू:

क) नगरपालिकाको दायित्व:

रजत प्रताप शाह
नगर प्रमुख

* विशेषज्ञ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार उपलब्ध गराउने
* सेवा सञ्चालनका लागि विशेषज्ञ चिकित्सकसँग समन्वय गर्ने।
* सेवाको अनुगमन, मूल्याङ्कन र सुधारका लागि आवश्यक निर्णय गर्ने।
* विशेषज्ञ सेवाको प्रभावकारिता वृद्धि गर्न प्रचार-प्रसार गर्ने।

ख) विशेषज्ञ चिकित्सक/संस्थाको दायित्व:

* सेवाको उच्च गुणस्तर कायम राख्ने।
* बिरामीलाई समयमै सेवा प्रदान गर्ने।
* आवश्यक मेडिकल रिपोर्ट, उपचारको अभिलेख राख्ने र अस्पताललाई बुझाउने।
* सेवा समय र मापदण्ड अनुरूप कार्य गर्ने।

**३.** सेवा शुल्क र भुक्तानी प्रक्रिया:

* भुक्तानी प्रक्रिया TOR अनुसार पहिलो पक्ष ले दोस्रो पक्ष लाई नियमित रूपमा गरिनेछ

**४.** सम्झौताको अवधि, नवीकरण र समापन:

* सम्झौताकाल [समय अवधि] का लागि लागू हुनेछ।
* सेवाको प्रभावकारिता मूल्याङ्कन गरि आवश्यक परेमा सम्झौता नवीकरण गर्न को लागि नगरपालिकाको कार्यपालिका बैठक को निर्णय अनुसार गर्न सकिनेछ।
* कुनै पनि पक्षले सम्झौता समाप्त गर्नु परे मा २ महिना पुर्ब अर्को पक्षलाई जानकारी गराउनु पर्ने छ।
* यस सम्झौता को कार्यान्वयन शिवराज अस्पतालमा विशेषज्ञ सेवा संचालन कार्यविधि २०८१ तथा स्वीकृत Terms of Reference (TOR) को अधिनमा रही गर्नु पर्नेछ, कुनै कानुनी अड्चन आएमा दुवै पक्षको समझदारीमा समाधान गरिनेछ ।

पहिलो पक्ष:
कृष्णनगर नगरपालिका
[प्रमुख प्रशासकीय अधिकृतको नाम]
पद: प्रमुख प्रशासकीय अधिकृत
हस्ताक्षर: ......................
मिति: ...................

दोस्रो पक्ष:
[सेवा प्रदायक संस्था/अस्पतालको नाम]
[संस्था प्रमुखको नाम]
हस्ताक्षर: .......................
मिति: ...................

साक्षीहरू:

१. नाम: ............................... पद: .......................
2. नाम: ............................... पद: .......................

रजत प्रताप शाह
नगर प्रमुख